
Received Date: Jan. 2024 Revised: Feb. 2024 Accepted: March 2024

# पुस्तक समीक्षा
## (जनकपुरधामको ऐतिहासिकता र गौरवपूर्ण मिथिला संस्कृति)

**ज्योती उपाध्याय पिएच.डी.**
उपप्राध्यापक, इतिहास केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

DOI: https://doi.org/10.3126/hj.v15i1.63990




ऐतिहासिक काल शुरू हुनुभन्दा अगाडिको समयलाई प्रागऐतिहासिक काल भनिन्छ । यस कालको बारेमा ऐतिहासिक सामग्री प्राप्त नहुँदा तात्कालिक अवस्थाको बारेमा खासै यही हो भनेर बताउन सकिंदैन । प्रागऐतिहासिक काल मानवको प्रारम्भिक अवस्थाको युग भएकाले त्यस बेलामा लिपिको आविस्कार भएको थिएन । त्यसैले त्यस बेलाको बारेमा बताउने स्रोतहरू ढुङ्गे औजारहरू, गुफामा कोरिएका चिजहरू तथा मानव स्वयंका अस्थि विशेष नै प्रमुख हुन् । यिनै वस्तुहरूको आधारमा प्राग्मानवको अवस्था, स्थान थाहा पाउन सकिन्छ । अथर्ववेदको रचना इसापूर्वदेखि ६०० वर्षको बीचमा भएको मानिएको छ । त्यस अथर्ववेदमा उल्लेख गरेअनुसार तत्कालीन समयमा भारत वर्षको उत्तरी क्षेत्रमा रहेका साना साना राज्यहरू कामरुप, विदेह, उदुम्बर, अवन्ती र कैकेयमध्ये नेपाल सबैभन्दा अग्रस्थानमा रहेको थियो भनिन्छ । त्यसै क्षेत्रका राज्यभित्र जनकपुर-मिथिला राज्य रहेको थियो भनी अनुमान लगाउन सकिन्छ ।

विभिन्न संस्कृत वाङ्मय साहित्यहरूमा वर्णित उत्तरमा हिमालयदेखि दक्षिणमा गङ्गा र पूर्वमा कोशीदेखि पश्चिममा गण्डकीको बिचमा फैलिएको समथर भूभागमा अवस्थित प्राचीन मिथिला वा विदेह राज्यको राजधानी नै वर्तमान जनकपुरधाम नजिक कतै रहेको थियो भन्ने उल्लेख पाइन्छ वा विश्वास गरिन्छ । विभिन्न पुराणहरूमा कथाहरूको माध्यमबाट इक्ष्वाकुका पुत्र विभिलाई विदेह राज्यको स्थापना तथा यसको नामकरणको श्रेय दिइएको पाइन्छ ।

पौराणिक कालमा विभिन्न कारणहरूले देशमा राजा भएनन् । देशमा राजा नहुँदा अराजकता बढ्ने देखेर ऋृषिहरूले श्राप पाई शरीरमात्र बचेको निमिको शरीरलाई अरणिले मथेर एक कुमार उत्पन्न गरे जो 'मिथ' र 'वैदेह' (मथेर उत्पन्न विदेहको पुत्र) भनियो । यसरी 'मिथिला' बचाउने बसाउने मिथि 'जनक' (जन्मदाता) हुन्

भनी नाम रहन गयो । उता वैदिककालमा यो राज्यको महत्व काशी, कुरु र पञ्चालको समान भन्ने उल्लेख भएको पाइन्छ । बृहत् विष्णुपुराणअनुसार विदेह राज्य पूर्वमा कोशी पश्चिममा गण्डकीसम्म २४ योजन (९६ कोष) उत्तरमा हिमालयदेखि दक्षिणमा गङ्गासम्म १६ योजन (६४ कोष) सम्म विस्तार थियो भनिएको छ । विभिन्न जातक कथाहरूमा बौद्ध ग्रन्थमा, पौराणिक साहित्यमा विदेहको राजधानी मिथिलापुरी (जनकपुरी) को वर्णन गरेको पाइन्छ । यदि यो राज्य नभएको भए यसरी वर्णनहरू पाइन्दैनथ्यो । किनकि मानिसहरूले देखेको भोगेको कुराहरूको मात्र वर्णन गर्ने गर्दछन् । थाहा नभएको कुराको वर्णन गरिंदैन । त्यसकारण यो मिथिला राज्य पौराणिक कालभन्दा अघिदेखि नै अस्तित्वमा थियो भन्न सकिन्छ ।

पुराण-वंशावलीहरूको आधारमा उपेन्द्र झाले निमिबाट आरम्भ भएको जनक वंशका ५२ राजाहरूको सूची प्रस्तुत गरेका छन् । त्यस सूचीमा २२ औँ राजा भएका ह्रस्वरोमाका छोरा सिरध्वज भनी उल्लेख गरेका छन् । यिनै सिरध्वजलाई (जनक) सीताका पिता सबैले हो भनेका छन् । राजा जनकको दरबारमा कोशल, कुरु, काशी, पाञ्चाल जस्ता जनपदहरूबाट दार्शनिकहरू आउँदथे भन्ने उल्लेख पाइन्छ । अश्वपति, कैकेय, प्रवाहण, जैवनि र काशीको अजातशत्रु पनि त्यसबेलाका दार्शनिकहरू थिए । यी सबै दार्शनिकमध्ये विदेह जनकको आफ्नो छुट्टै सर्वश्रेष्ठ स्थान भएको पाइन्छ । जनकको राजदरबारमा विद्वान् विदुषीहरूको जमघट हुन्थ्यो । जसमा याज्ञवल्क्य, गार्गी, मैत्रेय, उद्धारुक, आरुणीहरू आएर शास्त्रार्थ गर्ने र यज्ञहरू सम्पन्न गर्ने गदर्थे । शास्त्रार्थको समयमा याज्ञवल्क्यले अनेक ब्रह्मज्ञहरूलाई परास्त गरी ख्याति कमाएका थिए । यहाँको राजवंशको पतन भएपछि मिथिलामा विदेह गणराज्यमा कुलीन राजतन्त्रात्मक प्रणाली शुरु भयो । विदेह राज्य पतनका अनेक कारणहरू देखिन्छ । आरम्भका राजाहरूपछि हुने राजाहरूले कुशल शासन गर्न सकेनन्, क्षत्रीय धर्मको पालना गर्न छाडे, कोही भिक्षु बने, कोही योगी बने, कोही जैन बने, तिनीहरूले राज्य सुरक्षित र सुशासन गर्न सकेनन् परिणाम विदेह राज्यको अस्तित्व हराउँदै गयो ।

विदेह राज्यका राजा जनक विशेष महत्वपूर्ण एवं बहुचर्चित राजा थिए । यिनले ज्ञानको क्षेत्रमा ब्राह्मणहरूका एकाधिकारमाथि अंकुश लगाए । त्यसले गर्दा ब्राह्मणहरूले क्षत्रीयहरूसँग सहयोग सद्भाव कायम राख्न जनकलाई ब्राह्मण घोषित गरेका थिए । त्यसपछि याज्ञवल्क्यको पहलमा जनकको ब्राह्मणत्वमा वर्ण परिवर्तन गरिएको थियो । विदेह राजा जनकको देश विदेशमा वैभव चर्चाहरू हुन्थे । ज्ञानको क्षेत्रमा उनको योगदान अतुलनीय छ । उनले स्त्रीहरूलाई पुरुष समान अधिकार दिन खोजेका थिए । उनको राज्यमा दार्शनिकहरूको सम्मेलनमा गार्गी, मैत्रेयी (यज्ञवल्क्यकी पत्नी थिइन्) सुलभा, वाचक्नवी जस्ता विदुषीहरूले भाग लिएर शास्त्रार्थमा भाग लिने गर्थे । यसलाई हेर्दा राजा जनक स्त्रीहरूलाई पनि पुरुष समान अधिकार दिने पक्षमा भएको देखिन्छ । तर यो प्रचलन सर्वसाधारणमा भने थिएन ।

यसप्रकार प्राचीन समयमा ख्याति कमाएको, सुदृढ नगर जनकपुरको सभ्यतामा समय क्रममा गएर आन्तरिक बाह्य शक्तिहरूले कब्जा जमाउने कामहरू गरे । जसमा मौर्य, शुङ्ग, पाल, गुप्त, सेन, ओइनवर, मल्ल, शाह आदिले यहाँ आक्रमण गरी प्रभुत्व स्थापित गरे । त्यसले विदेह राज्य (जनकपुर) ले आफ्नो अस्तित्व गुमाउन पुग्यो । त्यसै गरी यो राज्यमा वैदिक धर्म सम्प्रदायबाट अनुप्राणित थियो । विस्तारै जैन धर्म, बौद्ध धर्म, मुसलमानी आक्रमणको कारण जनकपुरमा तोडफोड भयो । त्यहाँको सामाजिक, धार्मिक, राजनैतिक सबै पक्षमा आक्रमण भयो र त्यसको सम्पूर्ण वैभवहरू समाप्त भएको थियो ।

जनकपुरमा निर्मित जानकी मन्दिरको प्राचीनता र त्यसको ऐतिहासिकताको चर्चा अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिएको थियो । विगतको प्राचीन ज्ञान, गौरव, प्रसिद्धि, मैथली संस्कृतिको विशिष्ट पक्ष, धार्मिक विश्वास, कलाकौशल, ज्ञान, साहित्य आदिले जनकपुर एउटा पवित्र धाम थियो । राजा जनकको वंशका अन्तिम राजा करालको विभिन्न कारणले पतन भयो । त्यसपछि विस्तारै विस्तारै जनकपुर क्षेत्र निर्जन जङ्गलमा परिणत हुन पुग्यो । झण्डै इसापूर्व नवौँ-दशौँ शताब्दीमा मिथिलाका अन्तिम राजा करालको पतन भएपछि एक हजार वर्षसम्म मिथिलाको

इतिहास अन्धकार भएको अनुमान लगाउन सकिन्छ । त्यसपछि यसको अस्तित्व हरायो र फेरि खोजी हुने क्रम शुरु भयो ।

आधुनिक जनकपुरको बारेमा ऐतिहासिक साक्ष्यहरू न्यूनतम एक हजार वर्षसम्मको मात्र पाइन्छ । तर आधुनिक जनकपुरको शुरुवात सत्रौं शताब्दीबाट भएको अनुमान छ । जुन बेलामा सुरकिशोर दास जनकपुरमा आएर जानकी मन्दिर भएको ठाउँमा एउटा निमको रूख मुनि आफ्नो साधुको चिनो चिम्टा गाडे । त्यस बेला त्यहाँ जङ्गल थियो । तर पनि नजिकका क्षेत्रहरूका मानिस त्यो मन्दिरसँग परिचित थिए उनीहरू पूजाआजा गर्ने तिर्थको रूपमा मान्ने गर्दै आएका थिए । जनकपुरको पहिलो ऐतिहासिक प्रमाण इन्द्रविधाताले सन् १७११ मा रामचन्द्र मन्दिरलाई कुशीविर्ता जग्गादान गरेको लिखत पाइन्छ । यो विभिन्न स्रोतमा उल्लेख पाइन्छ । यसपछि सन् १७२७ मा मकवानपुरका राजाले (मानिकसेन) रामदासलाई जानकी मन्दिरको पहिलो महन्त घोषणा गरेको लिखत पाइन्छ । रामदास आधुनिक जनकपुरको संस्थापक सुरकिशोर दासका चौथो पुस्ताका थिए । सुरकिशोर दासले जनकपुर खोजी गर्ने सम्बन्धमा धेरै कथाहरू भएको पाइन्छ । सत्रौं शताब्दीमा गोस्वामी तुलसीदासको रामचरित मानसले राम र सीताको कथालाई व्यापक बनाइदियो र रामको जीवनसँग सम्बन्धित स्थलहरूको खोजी गर्ने कार्यहरू थालिए । अयोध्या महात्म्य ग्रन्थमा जनकपुरका कुराहरू, मिथिला महात्म्यमा पनि राम र सीताका कुराहरू भेटिएकाले त्यसैलाई आधार मानि जनकपुरधामको खोजी भएको थियो ।

जनकपुरको परिचयहरूमध्येको एउटा प्रमुख जानकी मन्दिर नै हो । हिन्दुहरूको आस्थाको धरोहर यो मन्दिर पर्यटक गन्तव्य पनि हो । मिथिला संस्कृतिको केन्द्र पनि जनकपुर नै हो । टिकमगढका राजा रानीको सन्तान भएनन् । त्यस क्रममा धार्मिकस्थलहरू भ्रमण गर्दै उनीहरू जनकपुरमा आएर फर्केपछि उनीहरूको सन्तान भयो । आफ्नो कामना पूरा भएकाले उनीहरूले सानो मन्दिरको ठाउँमा नौ लाख खर्चेर भव्य मन्दिर बनाए जुन जनकपुरको आजको आस्था, गौरव र सानको रूपमा हाम्रो सामु छ । जनकपुरको यही ऐतिहासिकता, प्राचीनताको विश्लेषणात्मक अध्ययन गरेर तयार पारिएको प्रस्तुत कृतिका लागि डा. जगतप्रसाद पराजुली बन्दनिय बनेका छन् ।

नेपालमा यस किसिमका ऐतिहासिकता बोकेका शहरहरू धेरै छन् । ती शहरहरूको बारेमा खोज अनुसन्धान हुन जरुरी छ । नेपाल जस्तो हिन्दु जनताहरू धेरै भएको मुलुकमा हिन्दु देवी देवताप्रति अगाध आस्था विश्वास भएको सहर एवं सभ्यताको बारे लिखित इतिहासको अभाव रहेको अवस्थामा प्राध्यापन एवं अनुसन्धानमा लामो समय व्यतित गर्दै आउनु भएका डा. पराजुलीको यस कृतिले जनकपुरको ऐतिहासिकता र गौरवपूर्ण मिथिला संस्कृतिको बारेमा प्रकाश पार्ने कार्य गरेको छ । यो कृतिले जनकपुर र मिथिला क्षेत्रको बारेमा खोज अनुसन्धान गर्नेहरूका लागि ठूलो सहयोग पुग्ने देखिएको छ । इतिहासकारहरूको यस किसिमको अध्ययनले नेपालको गर्भमा रहेका विभिन्न विषयवस्तुहरू बाहिर आउनेछ जसले नेपालको इतिहास लेखन कार्यमा ईंटा थप्ने काम गर्ने सुनिश्चित छ । उहाँको यस किसिमको लेखन कार्यले अझै सफलता पाओस् र नेपालका अन्य शहरहरूको इतिहास खोज कार्य चलिरहोस् भन्ने कामना गर्दछु ।

**शीर्षक चयन**

प्रस्तुत कृति *जनकपुरधामको ऐतिहासिकता र गौरवपूर्ण मिथिला संस्कृति* भनेर राखिएको छ । प्रस्तुत कृतिभित्रका शीर्षक उपशीर्षक र विषयवस्तुहरू अध्ययन गर्दा कृतिको शीर्षक उपयुक्त र आकर्षक भएको पाइन्छ । जनकपुरका धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थलको बारेमा ओझेलमा परेका इतिहासको विषयलाई बाहिर ल्याएर सबैलाई सुसूचित गराउने काम प्रस्तुत कृतिले गरेको छ । यस किसिमका कृति लेखन कार्यले नेपालको इतिहासको लेखनमा ईंटा थपिएको छ । जनकपुर र जनकपुरको मिथिला संस्कृतिका बारेमा विस्तृत इतिहास तयार नभएको बेलामा यो कृति प्रकाशन हुनु राम्रो कार्य हो र यसको शीर्षक चयन उपयुक्त भएको पाइन्छ ।

## पुस्तकको आवरण

प्रस्तुत कृतिको अग्रभागमा सबैभन्दा माथि पुस्तकको नाम बिच भागमा जानकी मन्दिरको आकर्षक चित्र तल्लो भागमा मिथिला संस्कृतिको चित्र अंकित गरी किताबलाई आकर्षक बनाएको छ । पुस्तकको पृष्ठ भागमा लेखको तस्विर, नाम, जन्ममिति, स्थान, हालको बसोबास क्षेत्रसँगै लेखकको अन्य परिचयहरू, अनुभवहरू, विभिन्न संघ संस्थाका सदस्य भएका कुराहरू, पदकहरू, सम्मानहरू, कदरपत्रको बारेमा उल्लेख गर्दै अन्त्मा प्रकाशित कृतिहरू र प्रकाशन्मुख कृतिहरू सिलसिलेवार रूपमा राखिएको छ । जसबाट पाठकहरूले लेखकको बारेमा जानकारीसँगै पाठकहरूले चाहना राखेमा पुस्तकहरूको जानकारी लिएर नयाँ इतिहास लेखनमा सहयोग पुग्ने देखिन्छ ।

## कृतिको अध्याय विभाजन

लेखकले प्रस्तुत कृति तयार गर्दा जम्मा आठवटा अध्यायमा विभाजन गरिएको छ । प्रस्तुत कृतिको शुरूवातमा उनले आफ्ना मातापिता समक्ष समर्पण गर्दै भूमिका कृतज्ञताज्ञापन त्यसपछि विषयसूची राखेका छन् ।

प्रस्तुत कृतिको अध्याय एकमा अनुसन्धान परिचयको बारेमा उल्लेख गरेका छन् । परिचय खण्डमा विगतमा इतिहास लेखन कार्य हुँदा देशका राजा महाराजा, शासक, प्रशासक, सामन्त, भारदार र उनका निकटस्थ व्यक्तिका योगदान र क्रियाकलापको बारेमा स्तुति गाउने इतिहास निर्माण गर्ने परम्परालाई सच्चाएर अब आज आएर जनताको इतिहास जनताका क्रियाकलाप र उनीहरूको उपलब्धिहरूलाई वा जनताको इतिहास अध्ययन गर्ने अनुसन्धान गर्ने अभिप्रायले *जनकपुरधामको ऐतिहासिकता र गौरवपूर्ण मिथिला संस्कृति* भन्ने शीर्षक रोजाइमा परेको हो जस्तो लाग्दछ । साथै जनकपुरले आधुनिकता प्राप्त गर्दासम्मको घटना, जनकपुरको राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक तथा शैक्षिक जनजीवनसँग सम्बन्धित विषयको अध्ययन गर्ने उद्देश्यले यो पुस्तक तयार पारिएको भनी उल्लेख गरेका छन् । त्यसपछि जनकपुरको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, सहरीकरणका प्रक्रियाहरू, नेपालमा शहरहरूको उदय, विकास, शहरीकरणमा आर्थिक क्रियाकलापको र शिक्षाको भूमिकाको बारेमा व्याख्या गरिएको छ ।

अध्याय एकको अर्को खण्डमा अनुसन्धानको समस्याका बारेमा उल्लेख गर्दै अनुसन्धानका प्रश्नहरू, अनुसन्धानका उद्देश्यहरू, अनुसन्धानको सीमा, अनुसन्धानको औचित्य, अनुसन्धानको महत्व, अनुसन्धानको संगठन गरिएका कुराहरू उल्लेख गरी अनुसन्धान प्रक्रियाको बारेमा उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिको अध्याय दुईमा पूर्वकार्यको सिंहावलोकन राखिएको छ । पूर्वकार्य समीक्षा गर्दा अपनाइने विधिहरूको उल्लेख गरिएको छ । पूर्वकार्य समीक्षा गर्दा लेख, रचना, पुस्तक, कार्यपत्र, प्रतिवेदन, शोधप्रबन्ध आदिको विश्लेषण गरी सत्यापन गर्ने काम गरेको पूर्वकार्य समीक्षाद्वारा शोधको विश्वसनीयता, प्रमाणिकता र वैधता आँकलन गरिएको संकलित तथ्यांकलाई विश्लेषण गरी निष्कर्ष निकालिएको कुराहरू उल्लेख पाइन्छ । प्राप्त सामग्रीहरूलाई दुई किसिमले समीक्षा गरिएको जसमा संक्षेपीकृत समीक्षा र विस्तृत समीक्षा गरिएको छ ।

अध्याय तीनमा लेखकले अनुसन्धान विधिको बारेमा उल्लेख गरेका छन् । त्यसमा अनुसन्धानको परिचय, अनुसन्धानको ढाँचा, अनुसन्धानका क्षेत्रहरू, नमुना छनोट, तथ्यांक विश्लेषण, प्रस्तुतीकरण, सूचनाका स्रोतहरू, प्राथमिक स्रोतहरू अवलोकन, गहन अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल, यान्त्रिक पद्धति, सहायक स्रोतहरू आदि विधिहरूको प्रयोग अवलोकन निरीक्षण छनोट गरी प्रस्तुत कृति तयार गरिएको छ ।

अध्याय चारमा गएपछि लेखकले जनकपुरको राजनैतिक इतिहास भन्ने शीर्षकमा शहरीकरण सम्बन्धी सैद्धान्तिक अवधारणाको उल्लेख गरेका छन् । जसमा नेपाल, नेपालका शहरहरू, शहरहरूको अभ्युदय, लिच्छवीकालका शहर, मल्ल कालका शहर, पृथ्वीनारायण शाहको राज्य विस्तार, राणाकालमा शहरको आधुनिकीकरण, नेपालका तराई क्षेत्रका शहरहरू, बजार इलाकाहरू, शहरमा परिणत भएका कुराहरू उल्लेख गरी शहरका शहरीकरणका लागि शासकहरूले गरेका कार्यहरूको व्याख्या गरिएको छ ।

अध्याय चारको अर्को उपशीर्षक (४.१) मा जनकपुरको नामकरण कसरी भएको थियो, राजा राजाका वंश तीनको नाम, तीनले गरेका आक्रमण, जनकपुरमाथि पटक पटक भएको आक्रमणले जनकपुर ध्वस्त भएका कुराहरू, मुसलमानी आक्रमणले जनकपुरको प्राचीन गौरव र सभ्यता संस्कृतिलाई ध्वस्त पारेकाले जनकपुरको गौरवमा आँच आएको थियो भन्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी पछि फेरि जनकपुरलाई आधुनिकतामा ल्याउन, सभ्यतालाई पूर्ण र ताजकि दिने काम वैष्णव सम्प्रदायका सुरकिशोरले गरेका कार्यहरू, उनको योगदान, जानकी मन्दिरको निर्माण टिकमगढका राजा प्रतापसिंह र रानी वृषभानुको अहम् भूमिका भएका कुराहरू उल्लेख पाइन्छ ।

अध्याय चारको अर्को उपशीर्षक (४.२) जनकपुरको संक्षिप्त इतिहास । जनकपुरको गरिमा, ज्ञान, विश्वमा नै महत्वपूर्ण भएको कुरा उजागर गर्दै विभिन्न पुराणहरू, धर्मग्रन्थहरू, त्यहाँका राजाहरूको बारेमा विभिन्न वर्णनहरू गरिएको छ । भारतमा अंग्रेजहरूले नियन्त्रण गर्दै गइरहेको समयमा जनकपुरमा मकवानपुरका सेन राजाको प्रभाव पर्न गएको, मकवानी राजाले जनकपुर क्षेत्रको उन्नतिमा दिएको योगदान पुऱ्याएका कुराहरू मकवानपुर टुक्रिएर विजयपुर चौदण्डीमा विभाजन भएका कुराहरू गोरखा राज्य विस्तार भएर जनकपुर पनि गोरखामा गाभियो भन्ने प्रसंगहरू, रणबहादुर शाहले जनकपुरको विकासको लागि गुठी विर्ता दिएका कुराहरू आदिको बारेमा उल्लेख पाइन्छ ।

अध्याय चारको (४.३) मा जनकपुरको प्रशासनिक अवस्थाको बारेमा उल्लेख छ । जसमा विभिन्न राणा प्रधानमन्त्रीहरूले जनकपुरको विकासको लागि गरेको योगदानका विषयहरू, राणा कालमा महोत्तरी-सर्लाही गोश्वारको सदरमुकाम जलेश्वर खडा गरी त्यहीं अड्डाको मातहतमा जनकपुर क्षेत्रमा प्रशासन चलाएका कुराहरू उल्लेख पाइन्छ ।

अध्याय चारको (४.४) मा जनकपुरमा राजनैतिक चेतना भन्ने उपशीर्षकमा ज्ञानको उच्च स्तरीय केन्द्रबिन्दु भएर जनकपुरले आफ्नो विशिष्टता प्रदर्शन गरेका कुराहरू, विदेह, मिथिला, तिरहुत जस्ता नामले सम्बोधन गरिने क्षेत्र जनकपुर भएको कुराहरू शिक्षाका लागि जनकपुरमा मधुवनी, नालन्दा, दरभंगा, सीतामणी, भागलपुर, मुजफ्फरपुर मानिसको आवतजावत हुने यो ठाउँमा भारतीय स्वतन्त्रता संग्राममा पनि यहाँका सपुतहरूले भाग लिएका प्रसंगहरू, नेपालका विभिन्न प्रजातान्त्रिक आन्दोलनहरूमा यहाँका योद्धाहरूले भाग लिएका कुराहरू उल्लेख गरिएको छ । जनकपुरमा जनचेतना कसरी वृद्धि भयो, भारतका समाजवादी नेताहरूसँगको सम्पर्कका कुराहरू २००७ सालका विभिन्न प्रसंगहरू, राणाकालीन शासन प्रशासनका कुराहरू गर्दै २००७ सालको आन्दोलन सफल भएका घटनाहरूको संक्षिप्त विश्लेषण गर्ने काम भएको छ ।

अध्याय पाँचमा लेखकले जनकपुरको सामाजिक जनजीवनको बारेमा व्याख्या गर्नु भएको छ । जस अन्तर्गत जनकपुरका सामाजिक स्वरूप भनी ५.१ उपशीर्षकमा राखिएको छ । उक्त शीर्षकभित्र पौराणिक कालदेखि नै ज्ञान, संस्कृति परम्परा बोकेको जनकपुरले प्राचीन नगरको रूपमा प्रख्यात भएको कुराहरू उल्लेख छ । जनकपुर एउटा प्राचीन नगर मात्र नभएर हिन्दुहरूको पूण्यधाम भएको र यहाँ विद्वान् विदुषीहरूको जमघट हुने स्थल भएको कुरा विभिन्न राजा महाराजाहरूले राणहरूले जनकपुरको विकासका लागि सामाजिक उन्नतिका लागि गरेका कुराहरू, जनकपुरका बासिन्दाको अवस्था, समाजमा जातजातिअनुसार कामको वर्गीकरण, सामाजिक आचरण गरेका कुराहरू, सामाजिक जीवनका विविध पक्षहरू, विभिन्न जातजाति बसोबास रहेको र सबै जात वर्णअनुसार आआफ्ना मौलिक परम्पराअनुसार मिलेर बसेका कुराहरू उल्लेख छन् । जनकपुर बासीहरूको रहन सहन, धार्मिक सहिष्णुता सबैको सहयोगात्मक भावना, समन्वयकारी भूमिका, सामन्जस्यपूर्ण आचरण नै यहाँका बासिन्दाको रहन सहन हो भन्ने कुरा उल्लेख पाइन्छ । जनकपुरको समाज वर्ण व्यवस्थामा आधारित भएको जनकपुरका अधिकतम जनता कृषिमा आधारित भएको र केही उद्योग धन्दा गर्नेको आर्थिक र सामाजिक स्तर माथि रहेको भन्ने उल्लेख पाइन्छ । कलाकौशलमा जनकपुर निकै अगाडि रहेको, चित्रकारितामा नारीहरू धेरै

संलग्न रहेका उल्लेख गर्दै भित्ते चित्र, पौवा चित्र भवन घरहरूमा विभिन्न भावभंगिका चित्रहरू बनाउन साहित्यलाई चित्रमा प्रदर्शन गर्ने यहाँको रोचक पक्ष भएको लेखकको भनाइ पाइन्छ । जनकपुरमा बस्ने मैथली जातिको आभूषण, चाडपर्वहरू, खानपिन, मादक पदार्थ सेवन गर्ने नगर्ने जातिहरू, नियम उल्लंघन गरेमा सर्वश्वहरण गर्ने, मतवाली जातमा मिलाइने जस्ता कठोर दण्डहरू दिएका कुराहरू, विस्तारै गएर भारतसँगको प्रभाव, पश्चिमा मुलुकसँगको सम्बन्धले, यात्रा भ्रमणले गर्दा खानपान भेषभूषामा वैदेशिक प्रभाव परेका कुराहरू र जनकपुरमा मनोविनोद साधनहरूमा जात्रा, उत्सव, चाडपर्वहरू, खेलहरूका बारेमा वर्णन पाइन्छ । जनकपुरका जनताहरूमा भएको धार्मिक विश्वास, सीता, रामप्रतिको अगाध प्रेम श्रद्धाका बारेमा मठ मन्दिरहरूका बारो जानकारी दिएर जनकपुरको बारेमा उजागर गरी सुसूचित गराउने कामले गर्दा अन्जान भएका पाठकहरूलाई जानकारी लिन सहज बनाएको पाइन्छ । यसै गरी जनकपुरमा भएका विभिन्न मन्दिर, धर्मशाला, आश्रमको बारेमा पनि उल्लेख गरी जनकपुरको बारेमा उजागर गर्ने काम भएको छ । यसै गरी जनकपुरमा बस्ने जात, धर्म, भाषा, भेषभूषा, आभूषणका बारेमा विविधता छ तर यहाँ विषमता छैन भनी यहाँ बस्ने बासिन्दाहरूको जन्मदेखि मृत्यु संस्कारका बारेमा पनि विश्लेषण गरिएको छ । जनकपुर बासीहरूले मनाउने राष्ट्रिय चाडपर्वदेखि स्थानीय क्षेत्रीय, जातीय पर्वहरूको वर्णन गरी त्यसको बारेमा जानकारी दिने काम भएको छ ।

यसप्रकार लेखकले जनकपुरका उल्लेखित विषयहरू सिलसिलेवार रूपमा प्रस्तुत गर्दै अध्याय ६ मा आएपछि जनकपुरको आर्थिक जीवनको विश्लेषण गरेको पाइन्छ । जनकपुरमा कर्नाट वंशीय शासकको अधिनमा मिथिलाको आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्षमा उल्लेखनीय प्रगति भएको, मुसलमानी आक्रमणले स्थिति बिग्रिएको, पृथ्वीनारायण शाहले कब्जा गरेपछि र त्यसपछि जनकपुरको आर्थिक उन्नतिमा आएको परिवर्तनको बारेमा उल्लेख पाइन्छ । जनकपुरको आर्थिक उन्नतिका आधार प्राकृतिक सम्पदा, कृषिजन्य भूमि, जंगल, वनपैदावार, खनिज पदार्थ, जलश्रोत, जनकपुरमा भएको कृषि व्यवसाय, उद्योगधन्दाहरू कस्ता थिए, आज कस्तो भयो भन्ने कुराहरू, जनकपुरको यातायात र सञ्चारमा भएको प्रगतिका बारेमा विश्लेषण गरी जनकपुरको यथार्थ अवस्थाको जानकारी प्रस्तुत कृतिले जानकारी दिएको छ ।

प्रस्तुत कृतिको अध्याय सातमा जनकपुरको शैक्षिक विकासमा वैदिक कालमा कस्तो थियो । जनकपुरमा विदेह राज्य, जनक हुँदा शिक्षाको राम्रो विकास भएको थियो । यहाँ राजादेखि प्रजा सबैले ज्ञान, धर्म, पराक्रमका बारेमा गहन छलफल गर्ने गर्दथे भन्ने कुरा उल्लेख गर्दै जनकपुरले आफ्नो पहिचान, समृद्धि बनाएको थियो भन्ने कुराको विश्लेषण गरिएको छ । कर्नाट वंशीय राजाहरूले राज्य गर्दा पनि जनकपुरको शिक्षामा राम्रो प्रगति भएको थियो । जनकपुरमा संस्कृत पाठशालाहरू स्थापना भएको ती पाठशालाहरू गुठीले सञ्चालन गर्ने विभिन्न राजाहरूले राणा प्रधानमन्त्रीहरूले पाठशालाहरू चलाउन विर्ता, गुठी जग्गाको व्यवस्था गरिदिएको उल्लेख पाइन्छ । यसैगरी जनकपुरमा पाश्चात्य शिक्षाको सुरुआत भएका कुराहरू २००४ सालबाट जनकपुरमा सरकारी स्तरबाट स्कुल खोल्ने कामहरू भएको र जनकपुर हाइस्कुलले जनकपुरलाई आधुनिक शिक्षातर्फ उन्मुख गराएको आदि कुराहरूका बारेमा विश्लेषण गरी सात अध्याय समापन गर्ने काम भएको छ । त्यसपछि अध्याय आठमा उपसंहार राखिएको छ । उपसंहारमा नेपालको भौगोलिक अवस्थामा विविधता भएको मानिसहरूको सामाजिक संरचनामा विविधतामा आधारित रहेको उन्नत संस्कृति, उर्वर क्षेत्र, अनेकतामा एकता छ । प्रत्येक युगमा नेपाल सार्वभौम सत्ता सम्पन्न रहेको स्वतन्त्र राष्ट्र भएको ठहर गर्दै तराईको सहर जनकपुर विशिष्ठतम गुणहरूले भरिपूर्ण भएको सहर भन्दै जनकपुरको ऐतिहासिक पक्षलाई उजागर गर्ने काम गरिएको छ ।

पुस्तकमा समावेश गरिएका परिशिष्टहरूले पुस्तकको गरिमा बढाएका छन् । अन्तर्वार्ताहरू, अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नहरू र परिशिष्टहरू राखिएकाले किताबको स्तर वृद्धि भएको छ । त्यसपछि सन्दर्भ सामग्रीहरूमा प्राथमिक स्रोतमा अप्रकाशित कागजपत्र, सहायक स्रोतमा पुस्तकहरू, लेख रचना, जर्नलहरू, शोधग्रन्थहरू, लेख रचनाहरू, कार्यपत्रहरू, अनुसन्धान प्रतिवेदनहरूको प्रयोग गरी कृतिलाई स्तरीय बनाउने काम भएको छ ।

**विषयवस्तुको प्रस्तुतीकरण**

लेखकले कृति तयार गर्दा धेरै मिहेनत गर्नु भएको छ । यो कृति तयार गर्नु भन्दाअगाडि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा अनुसन्धानात्मक लेखहरूसँगै साधारण लेख किताबहरू प्रकाशित गरिसक्नु भएको छ । लेखक नयाँ नयाँ लेखहरू : पुस्तकहरू प्रकाशित गर्न रुचि राख्नु हुन्छ । यसरी विभिन्न लेखकहरूको माध्यमबाट इतिहासका विषयवस्तुहरूलाई विश्लेषण गर्ने काम गर्नु भएको छ । लेखले आफ्नो विषयवस्तु प्रस्तुत गर्दा सरल विश्लेषणात्मक छ । भाषा शब्दावलीहरू शिष्ट रूपमा प्रस्तुत गरिएका छन् । जनकपुरधामको ऐतिहासिकता र गौरवपूर्ण मिथिला संस्कृतिको बारेमा प्रकाश गर्दै जनकपुरको बारेमा अध्ययन गर्न जान्न खोज्नेहरूलाई पठन गर्न बुझ्न सजिलो हुने अनुभव गरेको छ । कृतिका विषयवस्तुहरूलाई अनुसन्धानात्मक ढाँचामा तयारी पारिएको छ । अनुसन्धानका विधिहरूलाई पालना गरेको देखिन्छ । त्यसकारण पुस्तक स्तरीय छ विषयवस्तुमा केन्द्रित भएको पाइन्छ ।

**केही सुझावहरू**

प्रस्तुत कृतिमा ऐतिहासिक स्रोतहरूको प्रयोग गर्दा मिथिला विदेह, जनकपुरसँग सम्बन्ध व्यक्ति, पत्रपत्रिका, पुस्तक, बौद्धग्रन्थ, पाली भाषाका ग्रन्थहरू अध्ययन अझै बढी गर्न पाएको भए स्तरीयता अझै बढ्ने थियो जस्तो लाग्दछ । विषयवस्तु र शीर्षक चयन ठिक छ । यसमा थप ज्ञान लिनको लागि भारतीय सञ्चारको, अयोध्या सम्बन्धी पुस्तक ग्रन्थहरू, आधुनिक विद्युतीय मिडियाका जानकारीहरू आदि पनि अध्ययन प्रयोग गर्न सकेको भए जनकपुरको इतिहासले अझै निखारता प्राप्त गर्ने थियो भन्ने आशा राख्न सकिन्छ ।

**निष्कर्ष**

कुनै पनि राष्ट्रको समाजका बनावट सानो गाउँ वस्ती शहर हुँदै राष्ट्रको निर्माण भएको हुन्छ । एउटा राष्ट्र भित्र धेरै शहरहरू र वस्तीहरू हुन्छन् । तिनले त्यो राष्ट्रको इतिहास बोकेको हुन्छ, सामाजिक अवस्था, संस्कृति र धर्म पनि बोकेको हुन्छ । कोही यस्ता शहरहरू हुन्छन् जसले त्यो राष्ट्रलाई नै विश्वमा परिचित गराउँदछ । हो त्यस्तै शहर हो जनकपुर जसले नेपाललाई चिनाउने गरेको छ । नेपाललाई चिनाउने यस्ता प्राचीनता बोकेका शहरी क्षेत्रहरूको अध्ययन अनुसन्धान गरी पुस्तक तयारी गरिनु पर्छ । प्रस्तुत कृतिले पनि नेपाल र नेपालीलाई यस देशको प्राचीनतालाई उजागर गर्ने काम गरेको छ । लेखक डा. पराजुलीले पनि जनकपुरको बारेमा कृति तयार गरी जनकपुरको लोपोन्मुख इतिहास खोज्ने काम गर्नु भएको छ । प्रत्येक व्यक्तिको योगदानले देशको इतिहास तयार हुन्छ त्यसै क्रममा जनकपुरका लुकेर बसेको इतिहासलाई लिपिबद्ध गरी पाठक सामु ल्याउने काम गरी नेपालको गौरव बोकेको जनकपुरको इतिहास तयार पारी एउटा ईंटा थप्ने काम गर्नु भएको छ ।

प्रस्तुत कृति हेर्दा आकर्षक छ । शब्दहरू गहकिला चयन गरिएका छन् । वाक्य गठन शब्द चयन स्थानअनुसार मिलाएर राखिएकाले पाठकलाई पढ्न रोचक हुने देखिन्छ । पुस्तक अनुसन्धानविधि पूरा गरी तयार पारिएको छ । विभिन्न मिति तिथिहरू प्रविष्ट गरिएकाले समयको ज्ञान पनि हुने आशा राखिएको पाइन्छ । यस विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि प्रस्तुत कृति राम्रो स्रोत बन्न सक्ने देखिन आउँछ । विद्वान् लेखकको यस्तो महत्वपूर्ण कार्यलाई साधुवाद दिनै पर्दछ ।